जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २९६ २०७९ साल असार २३ गते बिहीबार (7 July 2022 Thursday) मूल्य रु. ५/-

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : खेर गएको प्लास्टिकबाटै... ३ पृष्ठमा : वीरगञ्ज महानगरपालिकाले ... ३ पृष्ठमा : चीनबाट थप ऋण नलिन ...

## मिटरब्याजी रामदेव साहका छोराछोरी जेल चलान







**दैनिक समाचारदाता**
**राजविराज, २२ असार ।**

जिल्ला अदालत सप्तरीले ठगी तथा आपराधिक विश्वासघात मुद्दाका दुई अभियुक्तलाई बुधबार पूर्पक्षका लागि जेल चलान गरेको छ ।

जिल्ला न्यायाधिश सुर्यनाथ प्रकाश अधिकारीको इजलासले मिटरब्याजी प्रकरण अन्तर्गत सो मुद्दाका सप्तरीको खडक नगरपालिका ७ कल्याणपुर निवासी नन्दकिशोर साह र अनुराधा साहलाई जेल चलान गरिएको हो । साहद्वय दाजु-बहिनी हुन् ।

अघिल्लो दिन मंगलबार दुवैको वयान सकिएपछि बुधवार अबेर साँझसम्म थुनछेक वहस भएको थियो । वहस सकिएपछि साह दाजु बहिनीलाई पूर्पक्षका लागि थुनामा राख्ने आदेश भएको सप्तरी जिल्ला अदालतका श्रेष्तेदार कुमार मास्केले जानकारी दिएका छन् ।

ठगी तथा अपराधिक विश्वासघात मुद्दाका मुख्य अभियुक्त मानिएका रामदेव साह भने अझैं फरार छन् । साह दाजु बहिनीका बुवा समेत रहेका रामदेवको भने खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी माधव प्रसाद काफ्लेले बताए ।

साह परिवारमाथि जग्गा तथा सुनचाँदीको गरगहना बन्धकी राखेर चर्को मिटरब्याज असुली गर्ने र कतिपय व्यक्तिले लिएको ऋण र व्याज चुक्ता गरिसकेपनि धिँतो फिर्ता नगरेको आरोप छ । पीडितहरुको उजुरीको आधारमा उनीहरु उपर ठगी तथा अपराधिक विश्वासघात मुद्दा चलाइएको प्रहरीको भनाई छ ।

पीडितहरुको तर्फबाट प्रदेश कानून अधिकृत समेत रहेकी अधिवक्ता किरणकुमारी साह, अधिवक्ताहरु समिम अख्तिर, भरत यादव, महेन्द्र साह, सुरेन्द्र साह तथा आरोपित प्रतिवादीहरुको तर्फबाट अधिवक्ता बालकिशोर यादव, अशोक चौधरी, कृष्णकुमार केशी लगायतका कानून व्यवसायीले वहस पैरबी गरेका थिए ।

यता, ठगी तथा अपराधिक विश्वासघात गरेको आरोपमा पक्राउ परेका दाजु बहिनीको थुन छेक बहस भइरहदा अदालतको मुल ढोकामा बुधवार पनि साह परिवारको मिटरब्याजबाट पीडितहरुले दिनभर प्रदर्शन र नाराबाजी गरेका थिए । अदालतबाट साह परिवारलाई पूर्पक्षका लागि कारागार पठाउने आदेश भएको खबर आउनासाथ उनीहरु खुशी भएका छन् ।

## छानबिन समितिलाई सजिलो पार्न राजीनामा दिए : शर्मा

काठमाडौँ, २२ असार (रासस) ।

जनार्दन शर्माले छानबिन समितिलाई सजिलो पार्न र सत्यतथ्य संसद्मा ल्याउन आफूले अर्थमन्त्रीको पदबाट राजीनामा दिएको बताउनुभएको छ ।

संसद्बाट बाहिरिने क्रममा सञ्चारकर्मीसँग संक्षिप्त प्रतिर्क्रिया दिँदै उहाँले आफूले बजेट निर्माणका क्रममा कुनै पनि गल्ती नगरेको समेत प्रष्ट्याउनुभयो । “मैले बजेट निर्माणमा कुनै पनि गल्ती गरेको छैन, स्थापित मूल्य, विधि र पद्दतिका आधारमा बजेट निर्माण भएको छ”, उहाँले भन्नुभयो, “जुन किसिमले विषय उठेको छ, त्यसले आम जनातामा भ्रम परेको छ, सत्यतथ्य छानबिनबाट त्यो भ्रम निवारण हुनेछ भन्ने विश्वास छ ।”

बुधबार प्रतिनिधिसभाले आगामी आर्थिक वर्षको बजेट निर्माणका सन्दर्भमा अनधिकृत व्यक्तिको संलग्नताबारे उठेको प्रश्नमा छानबिनका लागि संसदीय विशेष समिति गठन गरेलगत्तै सदनमा सम्बोधन गर्दै शर्माले राजीनामा दिएको घोषणा गर्नुभएको थियो ।

## मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान

- बालबालिकाहरुको आर्थिक, सामाजिक एवं शिक्षाको स्तर अत्यन्तै कमजोर रहेको यथार्थलाई आत्मसात् गर्दै मधेश प्रदेश सरकारले मुख्यमन्त्री **बेटी पढाउ, बेटी बचाउ** अभियान सञ्चालन गर्दै आएको छ ।
- छोरीलाई विद्यालय पठाई उनीहरुको व्यक्तिको विकासका अतिरिक्त सशक्तिकरणको माध्यमबाट लोककल्याणकारी राज्यको अवधारणा अनुरुप विभेदमुक्त सामाजिक न्याय स्थापना गर्ने सन्देश प्रवाह गरी छोरा र छोरीबीचको सामाजिक विभेद अन्त्य गर्ने यो अभियानको मुख्य उद्देश्य रहेको छ ।
- यस अभियानमा सबैले आआफ्नो स्थानबाट सक्दो सहयोग गरौं ।

**मधेश प्रदेश सरकार**
**आम सञ्चार प्राधिकरण**
**जनकपुरधाम**

## एक सय १३ जनामा कोरोना संक्रमण

काठमाडौँ, २२ असार (रासस) ।

कोरोना भाइरस संक्रमण दैनिक बढिरहेको छ । बुधबार एकै दिन ११३ जनामा संक्रमण देखिएको हो ।

मंगलबार मात्र ९० जनामा संक्रमण पुष्टि भएको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा संगीताकौशल मिश्राले बुधबार नियमित पत्रकार सम्मेलनमा दुई हजार ७२४ कोरोना परीक्षण गर्दा ११३ जनामा संक्रमण पुष्टि भएको जानकारी दिनुभयो । उहाँका अनुसार हाल सक्रिय संक्रमितको संख्या ४७१ जना रहेका छन् ।

विगत २४ घण्टामा २० जना संक्रमणमुक्त भएका छन् । योसँगै संक्रमणमुक्त हुने संख्या नौ लाख ६७ हजार ५७५ पुगेको छ । यो दर ९८.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । हाल होम आइसोलेसनमा ४६९, संस्थागत आइसोलेसनमा दुई, भेन्टिलेटरमा एक र दुई जना सघन उपचार कक्ष (आइसियु)मा उपचार भइरहेको छ ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, “**बचत गरौं समृद्ध वनौं**”

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# खेर गएको प्लास्टिकबाटै उत्पादन हुन्छ इन्धन

**रमेश लम्साल**

काठमाडौं, २२ असार (रासस)।

हरेक दिन एकजना व्यक्तिले ३१७ ग्राम फोहोर उत्पादन गर्छ। एसियाली विकास बैंकको सहयोगमा फोहोर मैला व्यवस्थापन तथा प्रशोधन केन्द्रले तयार पारेको विवरण हो। यो विवरण सन् २०१३ को हो। पछिल्ला दिनमा आइपुग्दा यसमा केही परिवर्तन भएको छ। एक जनाले दैनिक आधा किलो अर्थात् ५०० ग्राम बराबरको फोहोर उत्पादन गर्छ। त्यो फोहोरमा प्लास्टिकको मात्रा १२ प्रतिशत बराबर रहन्छ।

काठमाडौं उपत्यकाभित्र मात्रै दैनिक एक हजार १४० मेट्रिक टन बराबरको फोहोर उत्पादन हुन्छ। त्यो फोहोर कहाँ कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा सधैँको रडाको हुने गरेको छ। फोहोर विसर्जन गर्ने स्थानमा काठमाडौं महानगरपालिकाले जबर्जस्ती गरेको गुनासो छँदैछ। फोहोर व्यवस्थापन नहुँदा काठमाडौंको सडक दुर्गन्ध हुने गरेको छ भने फोहोर व्यवस्थापनकै लागि करोडौं रुपैयाँ खर्च पनि भइरहेको छ।

सरकारले महानगरपालिकाको फोहोरलाई दीर्घकालीन रूपमा समाधान गर्ने नीति ल्याउने र कार्यान्वयन गर्ने हो भने फोहोरलाई सजिलै मोहोर बनाउन सकिन्छ। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) का वरिष्ठ वैज्ञानिक डा रवीन्द्र ढकालका अनुसार त्यत्तिकै खेर फालिएको प्लास्टिकजन्य फोहोरबाटै दैनिक तीन लाख ४२ हजार लिटर बराबरको इन्धन उत्पादन गर्न सकिन्छ।

नेपाल आयल निगमले इन्धन आयात गर्न नसकिने अवस्थामा पुगेको जनाइरहेको छ। पेट्रोलको प्रतिलिटर मूल्य रु १८१ पुगेको छ। त्यस्तै डिजेल प्रतिलिटर रु १७२ बराबर पुगेको छ।

वरिष्ठ वैज्ञानिक डा ढकालसँग राससको जिज्ञासामा उहाँले भन्नुभयो, "सम्भव छ। सकिन्छ।" काठमाडौं उपत्यकामा उत्पादन हुने फोहोरमध्ये ५७० टन फोहोर प्रशोधन हुन सक्छ। बाँकी रहेको ५७० टन प्लास्टिकजन्य फोहोर प्रशोधन गर्ने हो भने दैनिक ३४२ किलोलिटर इन्धन उत्पादन हुन सक्छ। त्यो भनेको तीन लाख ४२ हजार लिटर बराबर हो।

उहाँका अनुसार प्लास्टिकको प्रशोधनबाट उत्पादन हुने इन्धनमा पेट्रोल, डिजेल र मट्टीतेल तीनवटै हुन्छ। यसबाट वातावरण पनि सफा हुन्छ। घरमै इन्धन उत्पादन हुन्छ र विदेशी मुद्राको सञ्चिति पनि हुन जान्छ। नास्टले प्लास्टिकबाट इन्धन निकाल्ने प्रणालीको जडान सन् २०१६ मा नै गरेको हो। त्यतिबेला प्लास्टिकबाट इन्धन निकालनेसम्बन्धी द्विपक्षीय समभ्रदारीमा नास्टका तत्कालीन प्रविधि सङ्कायका प्रमुख डा सुरेशकुमार ढुङ्गेल र इको पाटी जापानका अध्यक्ष चिसेको मात्सुमोतोले हस्ताक्षर गर्नुभएको थियो।

नेपालमा यो प्रविधि नयाँ भए पनि संसारका विकसित मुलुकका लागि भने पुरानै हो। इको पाटी जापानले उपलब्ध गराएको प्रविधि र उपकरणबाट नास्टमा इन्धन निकाल्ने प्रविधिमा काम भइसकेको छ। सुरुमा जडान गरिएको प्रविधिबाट एक किलो प्लास्टिकबाट करिब एक लिटर कच्चा इन्धन निकालिएको थियो। हाल नास्टमा १० किलो प्लास्टिक प्रशोधन गर्ने मेशिनसमेत छ।

डा ढकालका अनुसार सरकारले लगानी गर्ने हो भने ठूलो मात्रामा बाहिरिएको विदेशी मुद्राको सञ्चिति कायम राख्न सकन्छि। "हामी स्रोत र साधन भएर पनि गरिब भएका छौं र क्रमशः परनिर्भर बन्दै गएका छौं। खोलामा बगाएर वा डढाउने गरिएको प्लास्टिकबाट इन्धन उत्पादन गर्न सकिन्छ। सरकारलाई मेरो आग्रह छ। यसमा काम गर्न ढिला भइसक्यो," उहाँले भन्नुभयो।

प्लास्टिकबाट इन्धन निकाल्ने प्रविधि नेपाल भित्रिएको लामो समय भए पनि त्यसमा काम भने अगाडि बढ्न सकेको छैन। सीमा नाकामा अवरोध भएको बेला यस विषयले प्राथमिकता पाउने गर्दछ भने इन्धन आयात सहज भएपछि यो विषय हराएर जाने गरेको छ।

यतिबेला रुस र युक्रेनबीच चलेको युद्धको बाछिटा नेपालमा पनि परेको छ। विदेशी मुद्राको सञ्चिति घट्ने प्रमुख कारणमा इन्धन आयात पनि एक हो। नेपाल आयल निगमको विवरणअनुसार चालु आवको ११ महिनामा नै झन्डै रु दुई खर्ब ५० अर्ब बढीको इन्धन आयात भएको छ। अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य उकालो लाग्दा देशभित्र महङ्गीको ग्राफसमेत उकालो लाग्छ।

इन्धनको मूल्य बढ्दा त्यसले हरेक क्षेत्रमा प्रभाव पार्छ। सरकारले सात प्रतिशतको हाराहारीमा सीमित गर्ने भनेको मुद्रास्फीति दोहोरो अङ्कमा पुग्ने सम्भावना बढेर गएको छ। त्यसलाई रोक्न पनि सरकारले केही आन्तरिक तयारी गर्नु जरुरी भइसकेको छ। इन्धनमा देखिएको सङ्कटको केही हदसम्म भए पनि खेर जाने प्लास्टिकबाट गर्नेतर्फ ध्यान जानु आवश्यक छ।

सामान्यतः एक किलोग्राम प्लास्टिकबाट ७०० मिलिलिटर पेट्रोल उत्पादन गर्न सकिन्छ। नास्टका वैज्ञानिकसमेत रहनुभएका डा ढकालका अनुसार सामान्य पानीको बोत्तल एक किलोग्राम प्रशोधन गर्दा ७०० मिलिलिटर कच्चा इन्धन उत्पादन हुन्छ भने सोही बोतलको बिर्को प्रयोग गर्दा ८०० मिलिटरसम्म कच्चा इन्धन उत्पादन हुन सक्छ।

प्लास्टिकको मात्रा र गुणस्तरका आधारमा इन्धन के कति परिमाणमा उत्पादन हुन्छ भन्ने कुराको निर्धारण हुन जान्छ। प्लास्टिकले वातावरण प्रदूषणमा पनि उल्लेख भूमिका निर्वाह गरिरहेको छ। नास्टले त्यसबाट इन्धन निकाल्ने प्रविधि पनि ल्याएपछि प्लास्टिक सार्वजनिक स्थानमा नफाल्न र पुनः प्रयोगका लागि सङ्कलन गर्न आग्रह पनि गरियो तर त्यसमा कुनै ठोस काम भएन।

सरकारले चाहने हो भने ठूलो मात्रामा इन्धन निकाल्ने प्रविधि केही समयभित्रै जडान गर्न सकिने डा ढकालको भनाइ छ। सम्भव छ, गर्न सकिन्छ र इन्धन उत्पादन हुन्छ भन्ने विश्वास आम रूपमा भइसकेको छ। प्लास्टिकजन्य फोहोर जलाउँदा निष्कासन हुने कार्बनडाइअक्साइड तथा फ्युरानजस्ता विषाक्त ग्यासले क्यान्सरजन्य रोग निम्त्याउने, माटोको उर्वराशक्ति घटाउने, जमिनमा पानी रिचार्ज हुन नदिने, सहरको सौन्दर्य घटाउने, जस्ता समस्या हामी आफैंले भोग्दै आएका छौं।

हिमालबाट सुरु भई प्लास्टिक प्रदूषण समुद्रसम्म पुग्ने भएकाले त्यसलाई नियन्त्रण गरी वातावरण संरक्षण गर्न पनि प्लास्टिकबाट इन्धन निकाल्ने प्रविधि नेपाल जस्ता देशका लागि झनै उपयुक्त हुन जान्छ। जापानले यसमा ठूलो प्रगति गरेको छ। दक्षिण अफ्रिका, अमेरिका, क्यानडा जस्ता मुलुकमा प्लास्टिकबाट व्यावसायिक रूपमा इन्धन उत्पादन गरिएको छ।

काठमाडौं उपत्यकाभित्र दुईवटा महानगर छन्। फोहोर उत्पादन हुने प्रमुख थलोका रूपमा ती महानगर नै परिचित छन्। यस्तै अन्य स्थानीय तहको समेत फोहोरलाई प्रशोधन गरेर इन्धन निकाल्ने उपायको खोजी गर्न धेरै ढिला भइसकेको जानकारी दिँदै डा ढकालले भन्नुभयो, "सरकारको साथ र सहयोग रहने हो भने यसमा निजी क्षेत्रको पनि उत्तिकै चासो रहन सक्छ। एसियाली विकास बैंकले त यसमा लगानी गर्न इच्छुक रहेको बताइसकेको छ।"

फोहोर व्यवस्थापनको विषय सहरी तथा सहरोन्मुख क्षेत्रको प्रमुख समस्याका रूपमा खडा भएको सन्दर्भमा सरकारले एउटा नमुना परियोजना नै सुरु गर्नुपर्ने सुझाव छ डा ढकालको। विराटनगर, वीरगञ्ज, नारायणगढ, पोखरा, दाङ, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर जस्ता ठूला सहरबाट सङ्कलन हुने प्लास्टिकजन्य फोहोरबाटै पनि दैनिक तीन लाख लिटरभन्दा बढी इन्धन उत्पादन गर्न सकिने उहाँको भनाइ छ। नेपाललाई आवश्यक पर्ने बराबरको इन्धन फोहोरबाटै उत्पादन गर्न सकिन्छ।

काठमाडौं उपत्यकाभित्र महानगर आफैँले पहल गरेको छैन, नास्टले मात्रै यसमा अनुसन्धान गरिरहेको छ। तर, उद्योग, वाणिज्य तथा आपूर्ति र ऊर्जा मन्त्रालयले यसमा विशेष चासो दिएर काम गर्नुपर्ने आवश्यकता छ। नसङ्ने त्यसमा पनि प्लास्टिकजन्य फोहोरलाई इन्धन बनाउनेतर्फ कार्य थालनी गरे त्यसले फोहोर व्यवस्थापन पनि हुन्छ। विकल्प पनि तयार हुने देखिन्छ। खासगरी सहरी क्षेत्रमा प्लास्टिकजन्य फोहोर ठूलो समस्याका रूपमा रहेको छ।

प्लास्टिकजन्य फोहोरबाट डिजेल, पेट्रोल, मट्टीतेल उत्पादन गर्न सकिन्छ। प्लास्टिकबाट डिजेल मात्रै निस्कन्छ भन्ने होइन भन्ने जानकारी दिँदै डा ढकाल बिभिन्न रसायनिक प्रतिक्रिया गराएर फर्नाइस तेल पनि उत्पादन गर्न सकिने

*बाँकी तीन पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# वीरगञ्ज महानगरपालिकाले सम्पत्ति करको दर घटायो

वीरगञ्ज, २२ असार (रासस)।

मधेस प्रदेशको एक मात्र महानगरपालिका पर्साको वीरगञ्ज महानगरपालिकाले अगामी आर्थिक वर्ष २०७९/८० (साउन १ गते) देखि लागू हुने गरी सम्पत्ति करको दर घटाएको छ।

हाल कायम भएको सम्पत्ति करको रकम धैरे भएको भनी चौतर्फी रूपमा गुनासो आएपछि महानगरपालिकाले आर्थिक वर्ष २०७९/८० को आर्थिक विधेयक २०७९ मा सम्पत्ति करको दर घटाएको हो।

यसअघि वीरगञ्जका उद्योग, व्यवसायीहरूले उद्योगसँग सम्पत्ति कर नलिन महानगरसँग आग्रह गरेका थिए। उद्योगीहरूको सुझावअनुसारै अगामी आर्थिक वर्षदेखि लागू हुने गरी महानगरले सम्पत्ति करको दरमा ०.०१ देखि ०.५ प्रतिशतले घटाएको हो।

महानगरले हाल रु १० लाखसम्मको सम्पत्ति मूल्याङ्कनमा हुनेको हकमा वार्षिक एकमुस्ट रु २०० लिँदै आएकामा यसलाई घटाएर रु २० लाखसम्म मूल्याङ्कन हुनेको हकमा एकमुस्ट रु २०० निर्धारण गरेको हो।

त्यस्तै सम्पत्ति करको मूल्याङ्कन दररेटमा रु १० लाखदेखि रु २० लाखसम्मको मूल्याङ्कनमा रु ५००, रु २० लाखदेखि ५० लाखसम्म मूल्याङ्कनमा ०.०५ प्रतिशतलाई घटाएर ०.०४ प्रतिशत निर्धारण गरेको छ। त्यसैगरी रु ५० लाखदेखि रु एक करोडसम्मको सम्पत्ति हुनेको हकमा विगतको मूल्याङ्कन दर घटाएर ०.०९ कायम गरिएको महानगरको राजश्व शाखाले जनाएको छ।

रु एक करोडदेखि दुई करोडसम्मको मूल्याङ्कनको हकमा ०.२५ प्रतिशतलाई घटाएर ०.२३ प्रतिशत कायम गरिएको छ। रु दुई करोडदेखि पाँच करोडसम्म मूल्याङ्कनको हकमा ०.५० प्रतिशतलाई घटाएर ०.४५ प्रतिशत र महानगरले अधिकतम रु पाँच करोडमाथिको सम्पत्ति मूल्याङ्कनको हकमा नयाँ आर्थिक वर्षदेखि लागू हुने गरी ०.७० प्रतिशत करको दर निर्धारण गरेको छ। यो दर हाल ०.७५ रहेको छ। महानगरले ल्याएको आर्थिक विधेयकका आधारमा सम्पत्ति करको प्राविधिक मूल्याङ्कन वडाले गर्ने र कर भने महानगरको राजश्व शाखामा बुझाउनुपर्ने व्यवस्था छ।

सामान्यतः सम्पत्ति कर घरजग्गा बैंकमा धरौटी राखेर आर्थिक कारोबार गर्नुपर्ने अथवा छोराछोरी विदेश अध्ययन, अनुसन्धानका लागि पठाउनुपर्ने अवस्थामा मूल्याङ्कन गरेर राजश्व बुझाउने प्रचलन छ। साथै महानगरले सम्पत्ति कर मूल्याङ्कनमा ०.०२ प्रतिशत सेवा शुल्क लाग्ने, कुनै घर जग्गाधनीले सम्पत्ति लुकाएपछि तिर्न आएमा उक्त सम्पत्तिको मूल्याङ्कनमा ०.१० प्रतिशतका दरले जरिवाना लाग्ने उल्लेख गरिएको छ।

चालु आवको पुस मसान्तसम्म बुझाउँदा चालु आर्थिक वर्षको कर रकममा १० प्रतिशत छुट, माघदेखि चैत मसान्तसम्म बुझाएमा चालु आवको कर रकममा पाँच प्रतिशत छुट दिइने आर्थिक विधेयकमा उल्लेख गरिएको छ।

# सर्वस्वीकार्य नहुँदा नागरिकता विधेयक फिर्ता

काठमाडौँ, २२ असार (रासस)।

सरकारले नागरिकता जस्तो संवेदनशील विषयमा सर्वसम्मतरूपमा निर्णय हुन सकोस् भनेर नागरिकता विधेयक फिर्ता लिएको जनाएको छ।

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दीलेन्द्रप्रसाद बडूले प्रतिनिधिसभाको बुधबारको बैठकमा सहभागी हुने क्रममा पत्रकारसँग सङ्क्षिप्त प्रतिक्रिया दिँदै यही असार २१ गते बसेको मन्त्रिपरिषद् बैठकले उक्त विधेयक फिर्ता लिने निर्णय गरेको जानकारी दिनुभयो।

"नागरिकता जस्तो संवेदनशील विषयमा बहुमत/अल्पमतमा निर्णय गर्दा मुलुकको हितमा हुन्न, अझै जिम्मेवारीपूर्वक सबै दलसँग बसेर छलफल गरी सर्वसम्मतरूपमा लैजानुपर्छ भन्ने निष्कर्ष सरकारको छ", मन्त्री बडूले भन्नुभयो।

विगतमा नागरिकताका विविध पक्षमा निर्णय भए पनि सर्वसम्मत हुन नसकेको उहाँले जानकारी दिनुभयो। "खासगरी वैवाहिक अङ्गीकृत नागरिकताको सम्बन्धमा केही समस्या यथावत रहेको छ", मन्त्री बडूले थप्नुभयो, "त्यस विषयमा शीर्ष तहमै सर्वस्वीकार्य र विवादरहित ढङ्गले ऐन बन्नुपर्छ, नागरिक अधिकारसँग जोडिएको विषय पनि हो।"

विधेयकका कतिपय विषयमा संशोधनका प्रस्ताव आएको र त्यसमाथि नयाँनयाँ संशोधनमार्फत विवाद आउन थालेको पनि उहाँले जानकारी दिनुभयो। विधेयकलाई सर्वसम्मत बनाउने प्रयासस्वरुप गृहमन्त्री बालकृष्ण खाण र कानुन न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले यसअघि विभिन्न राजनीति दलका प्रमुखसँग भेटवार्ता गर्नुभएको थियो।

नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक विसं २०७५ साउन २२ मा सरकारी विधेयकका रूपमा संसद्मा दर्ता भएको थियो। उक्त विधेयकमाथि छलफलपश्चात् विसं २०७७ असार ९ मा राज्यव्यवस्था तथा सुशासन समितिले आफ्नो प्रतिवेदनसहित संसद्मा पेश गरेको थियो।

### *खेर गएको ...*

बताउनुहुन्छ। व्यावसायिक उत्पादनका लागि सरकार र निजी क्षेत्रलाई मार्ग प्रशस्त गर्न नास्टले प्लास्टिकबाट इन्धन निकाल्ने प्रविधि भित्र्याएको उहाँको भनाइ छ।

**बाँझो जमिनमा रोपौँ सजीवन**

नेपालको इन्धनमा देखिएको समस्या समाधानका लागि खाली रहको जमिनमा सजीवन ( ज्याट्रोफा) रोप्न सुझाव दिनुहुन्छ। सजीवनको दानाबाट बायो-इन्धन उत्पादन गर्न सकिन्छ। राजमार्गको दायाँबायाँ क्षेत्रमा मात्रै सजीवन लगाउन सकियो भने मात्रै पनि देशको मागअनुसारको बायो-इन्धन उत्पादन सकिने ढकालको भनाइ छ।

वरिष्ठ कृषि अधिकृत कुलप्रसाद सुवेदीका अनुसार नेपालको पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्मको तराई क्षेत्रमा यसको खेती सफलतापूर्वक गर्न सकिन्छ। त्यस्तै गरी महाभारत पर्वतको तल्लो कठार एवं भावर क्षेत्रमा पनि यसको खेती विस्तार गर्न सकिन्छ। पत्थरिलो एवं ग्रेग्रचानयुक्त हल्का माटो सजीवन खेतीका लागि उपयुक्त मानिन्छ। बाटो छेउछाउ बारका रूपमा, सामुदायिक वनसँगैको पाखापखेरा, गल्छी नदी किनारमा यसको खेती गर्न सकिन्छ।

जानकारहरूका अनुसार यसको फलबाट ३८.५ प्रतिशत बराबरको अखाद्यजन्य तेल निस्कन्छ। यसको तेल मेशिनरी कलकारखाना तथा मोटर, ट्र्याक्टर आदिमा डिजेलसँग ४० प्रतिशतसम्म मिसाएर प्रयोग गर्न सकिन्छ। प्रतिरोपनी ४० लिटर तेल उपलब्ध हुँदा एक लाख रोपनी क्षेत्रफलमा सजीवन रोप्दा ४० लाख लिटर इन्धन उत्पादन हुन सक्छ।

**सजिलै बन्छ इथानोल**

देशभित्र रहेका चिनी कारखानाबाट सजिलै इथानोल बनाउन सकिने डा ढकालको भनाइ छ। देशभर निजी क्षेत्रका विभिन्न चिनी कारखानामामा बगास तथा चिनी उत्पादन भएर बाँकी रहेको सामग्रीको प्रयोग गरेर इथानोल बनाउन सकिन्छ। डा ढकालका अनुसार बायो-डिजल र इथानोल बनाई तत्कालै पाँचदेखि १० प्रतिशत मिसाउन सकिएको खण्डमा मात्रै दुई लाख किलोलिटर बराबरको इन्धन उत्पादन गर्न सकिन्छ। त्यसबाट वार्षिक रु २० अर्ब बराबरको रकम देशभित्रै बचत गर्न सकिन्छ।

सरकारले २०६० सालमा पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउनुपर्ने निर्णय गरेको थियो। यसैअनुसार २०७१ सालमा निगमले आवश्यक तयारी पनि गरेको थियो तर त्यसको कार्यान्वयन नहुँदा ठूलो धनराशि विदेसिँदै आएको छ।


## सर्टिफिकेट हराएको सूचना

जिल्ला सप्तरी डाक्नेश्वरी नगरपालिका वडा नं. ८ गम्हरिया प्रभाहा वस्ने ज्ञानमति सर्वोदयको रजिष्ट्रशन नं. ६६१५१५०४१ भएको सर्टिफिकेटसहित अन्य कागजात २०७९ असार ५ गते राजविराज नगरपालिकास्थित भगवति मन्दिरदेखी जिल्ला प्रशासन कार्यालय सप्तरीतर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ।

**आग्रहकर्ता ज्ञानमति सार्वोदय**
**मोबाइल नं. ९८०८४१०१६८**


**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU
NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


# विश्व समाचार

## चीनबाट थप ऋण नलिन पाकिस्तानलाई मुद्रा कोषको सुझाव

इस्लामावाद, २२ असार (रासस/एएनआई)।

अन्तरराष्ट्रिय मुद्रा कोषले पाकिस्तानलाई चीनबाट थप ऋण नलिन सुझाएको छ। चीन-पाकिस्तान आर्थिक करिडोर (सिपिइसी) परियोजनाका निम्ति सात अर्ब ९० करोड पाकिस्तानी रूपैयाँ ऋण लिने इस्लामावादको योजनामा पुनर्विचार गर्न कोषले सुझाएको हो। बाह्य ऋणबाट पाकिस्तानको अर्थतन्त्रलाई दिगोरूपमा सञ्चालन गर्न नहुने भन्दै कोषले इस्लामावादलाई संरचनागत सुधार गर्न तथा चिनियाँ सहयोगर ऊर्जा सम्झौताबारे पुनः वार्ता गर्न सुझाव दिएको फाइनान्सियल पोष्टले जनाएको छ।

पाकिस्तानले आफ्नो देशमा चिनियाँद्वारा सञ्चालित स्वतन्त्र ऊर्जा उत्पादकलाई रू तीन खर्ब ५० अर्ब बिजुली बक्यौता बुझाउन बाँकी छ। चीनले सिपिइसीअन्तर्गतका परियोजनाका सम्झौताका शर्त परिमार्जन गर्न अस्वीकार गरेका विवरण सार्वजनिक भएपछि मुद्रा कोषले थप ऋण नलिन पाकिस्तानलाई सुझाएको हो। विगतदेखि नै पाकिस्तानको अर्थतन्त्र शिथिल भएको छ भने व्यापार असन्तुलन पनि बढेको छ। मुद्रास्फीति पनि दैनिकरूपमा चुलिदै गएको छ

## श्रीलंका संकटः समस्याग्रस्त अन्य अर्थतन्त्रमा खतराको घण्टी !

ब्याङकक, २२ असार (रासस/एपी)।

चरम आर्थिक सङ्कटको सामना गरिरहेको श्रीलङ्का बाह्य सहायताका निम्ति याचना गरिरहँदा समस्याग्रस्त अर्थतन्त्र भएका विश्वका अन्य देशहरूमा खतराको घण्टी बजेको छ। श्रीलङ्काको अर्थतन्त्र पहिलोपटक तहसनहस भएको भए पनि उसकै बाटोमा लाओस, पाकिस्तानमात्र होइन भेनेजुएलादेखि गिनिसम्मका देश अग्रसर हुन लागेका प्रतीत भएको छ। केही देशमा रूस-युक्रेन युद्धले समस्या थप चर्काएको छ। इन्धनसहित आकासिदो उपभोग्य सामग्रीको मूल्यले श्रीलङ्काको नियति भोग्नुपर्ने परिस्थिति कमजोर अर्थतन्त्र भएका देशमा पनि उत्पन्न हुने चेतावनी ग्लोबल क्राइसिस ग्रुपले दिएको छ।

गरिब देशमा बढ्दो आर्थिक तनावले जनतालाई उत्तेजित पार्दै उनीहरूलाई सडकमा ल्याएको छ भने कोरोना महामारीविरुद्धको लडाइँमा जुट्न लिइएका सहायता रकम, उच्च ब्याजसहितका ऋण, विदेशीसँग लिएका ऋणको आवधिक भुक्तानीका दायित्वले उनीहरूलाई अझ प्रभावित पारेको छ। विश्वका आधाभन्दा बढी मुलुक ऋण चुक्ता गर्न सङ्घर्षरत छन्भने गरिब देशहरू ऋण सङ्कटबाट मुक्त हुनसक्नेक अवस्था छैन। अतिकमजोर अर्थतन्त्र भएका देश महामारीभन्दा अघिदेखि महारोगका रूमा फैलिएको चरम भ्रष्टाचार, गृहयुद्ध, विद्रोह र दैवी विपत्तिबाट थप बिथोलिएका वास्तविकता क्राइसिस ग्रुपले औँल्याएको छ। अफगानिस्तान, पाकिस्तान, अर्जेन्टिना इजिप्ट, लाओस, लेबनान, म्यान्मा, टर्की, जिम्बाम्बेलगायत देशको अर्थतन्त्र जोखिममा रहेको ग्रुपको ठहर छ।

## बाढी र पहिरोमा २५ जनाको मृत्यु

इस्लामावाद, २२ असार (रासस/सिन्ह्वा)।

पाकिस्तानमा भीषण बाढी पहिरोमा परेर २५ जनाको ज्यान गएको छ। पाकिस्तानी अधिकारीहरुले यहाँको दक्षिण पश्चिमी क्षेत्र बलुचिस्तानमा केही दिनदेखि जारी रहेको अविरल वर्षाका कारण आएको बाढी र पहिरोबाट उनीहरुको निधन भएको बताएका छन्। बलुचिस्तान प्रान्तको प्रकोप व्यवस्थापनसम्बन्धी विभागका महानिर्देशकले सो कुराको जानकारी दिनुभएको हो।

उहाँका अनुसार केही दिन देखिको वर्षाले गर्दा २५ जनाको ज्यान गएको छ भने अरु केही नागरिक बेपत्ता पनि भएका छन्। साथै बाढीले यहाँको स्थानीय बस्तीका विजुली, पानीको धारा एवं यातायातका कतिपय संरचनामा नै क्षति पुऱ्याएको छ। बाढीले कम्तीमा पनि २०० घर भत्काएको छ भने दुई हजार पशु चौपाया मरेका छन्। क्वेटा नगरमा बाढीले अझ बढी क्षति पुऱ्याएको छ। बलुचिस्तान प्रान्तीय सरकारले उद्धारका काममा खट्न सबैलाई आग्रह गरेको छ। यहाँको सरकारले ठूलो संख्यामा प्रहरी र उद्धारकर्मीलाई खटाएको जनाएको छ।

## मालीका २२ आप्रवासीको निधन

बामाको, २२ असार (रासस/सिन्ह्वा)।

लिबियाको समुद्री तटमा भएका डुङ्गा दुर्घटनामा मालीका कम्तीमा पनि २२ जना आप्रवासी मृत्यु भइसकेको छ। सो दुर्घटनामा मृत्यु भएका व्यक्तिमा तीन जना बालबालिकासमेत रहेका जनाइएको छ। उनीहरुको गत जुनको २२ तारिखदेखि आजसम्ममा भएका दुर्घटनामा परेर मृत्यु भएको हो। मालीका आप्रवासी लिबियाबाट फिर्ता गर्ने क्रममा उनीहरुको निधन भएको हो।

केही महिनायतादेखि आप्रवासीसम्बन्धी राष्ट्रसङ्घीय निकायको सहयोगमा लिबियामा रहेका मालीका नागरिकलाई स्वदेश फर्काउन थालिएको छ। यसरी उद्धार गरी मालीका नागरिकलाई स्वदेश पठाउने क्रममा उनीहरु र अन्य देशका पनि कतिपय नागरिकको दुर्घटनामा परेर ज्यान जाने गरेको बताइएको छ। यसक्रममा भएका दुर्घटनामा उनीहरुको ज्यान जाने गरेको छ। यही समुन्द्रिक तटमा भएका उद्धारका कार्यमा कम्तीमा पनि ६१ जनाको भने सकुशल उद्धार भएका छन्।

# धनुषाले जित्यो प्रथम राष्ट्रिय महिला आमन्त्रणमा कबडीको उपाधि



**दैनिक समाचारदाता राजविराज, २२ असार ।**
राजविराजमा संचालित प्रथम राष्ट्रिय महिला आमन्त्रण कबडी प्रतियोगिताको उपाधि धनुषाले जितेको छ ।

राजविराज नगरपालिका ८ स्थित राधाकृष्ण मन्दिर परिसरमा बुधवार सम्पन्न फाइनल खेलमा झापालाई ४४-२७ अंकको अन्तरले हराउँदै सो उपाधिमाथि जित हासिल गरेको हो ।

फाइनल खेलमा जितसँगै धनुषाले ट्रफी र नगद ५० हजार हात पारेको छ । उपविजेता झापाले नगद ३५ हजार र ट्रफीमा चित्त बझायो ।

फाइनल खेलको ओमेन अफ द म्याच धनुषाकी विद्या साह घोषित भइन । यस्तै वेस्ट रेडर झापाकी राधिका कुँवर र वेस्ट डिफेन्डर धनुषाकी सिता साह घोषित भइन ।

आयोजित प्रतियोगितामा झापा, मोरङ, सुनसरी, उदयपुर, धनुषा र सप्तरीका गरी कुल छ टिमको सहभागीता रहेको थियो ।

प्रतियोगिता समाप्ती पछि जिल्ला कबडी संघका अध्यक्ष धिरेन्द्र वर्माको अध्यक्षतामा आयोजित पुरस्कार वितरण समारोहमा प्रमुख अतिथी राजविराज नगरपालिकाका मेयर भिमराज यादव, प्रतियोगिता मुल व्यवस्थापन समितिका संयोजक एवम् अखिल नेपाल कबडी संघका कोषाध्यक्ष अरविन्द झा, सचिव रतिया राजवंशी, जिल्ला उपाध्यक्ष अखिलेश झा लगायतले विजेता उपविजेतालाई पुस्कार वितरण गरेका थिए ।

# छात्रामाथि यौन दुर्व्यवहार गर्ने शिक्षकलाई कैद सजाय

सप्तरी, २२ असार (रासस) ।
आफ्नै विद्यालयमा अध्ययनरत छात्रालाई यौन दुर्व्यवहार गरेको ठहर गर्दै सप्तरी जिल्ला अदालतले बुधबार एक शिक्षकलाई कैद सजाय र जरिवाना तोकेको छ ।

जिल्ला न्यायाधीश प्रमेश पोखरेलको इजलासले सुरुङ्गा नगरपालिका-२ स्थित जनता आधारभूत विद्यालय भेडिया, हर्दियामा अध्यापनरत शिक्षक बोदे बसाईन नगरपालिका-१० का ४० वर्षीय पशुपतिकुमार यादवलाई तीन महिना कैद र १० हजार रुपियाँ जरिवानाको सजाय तोकेको हो ।

चौध वर्षीया बालिकामाथि यौन दुर्व्यवहार गरेको ठहर गर्दै अदालतले २० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसलासमेत गरेको अदालतका सूचना अधिकारी भरतमणि पोखरेलले जानकारी दिनुभयो । अर्का आरोपित शिक्षक सिरहा लहान नगरपालिकाका ३५ वर्षीय रामकृष्ण यादवले सफाइ पाएका छन् ।

आरोपितहरूले २०७५ चैतदेखि यौन दुर्व्यवहार गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय कडरबोना, सप्तरीमा २०७५ जेठ २६ गते उजुरी दिनुभएको थियो । इलाका प्रहरी कार्यालय कडरबोनाले २०७५ जेठ २७ गते बाल यौन दुर्व्यवहारको उजुरी दर्ता गरी पशुपतिलाई पक्राउ गरेको थियो ।

सप्तरी जिल्ला अदालतको आदेशमा आरोपित पशुपति २०७५ असार २२ गते पूर्पक्षका लागि ६५ हजार रुपियाँ धरौटी राखी पूर्पक्षका लागि तारेखमा रिहा भएका थिए ।

अदालतमा २०७६ जेठ २४ गते हाजिर भएका अर्का आरोपित रामकृष्ण पनि ६५ हजार रुपियाँ धरौटी राखी पूर्पक्षका लागि तारेखमा रिहा भएका थिए ।


## पत्रकार आचार संहिताको पालना गरौं

- पत्रकार तथा सञ्चार माध्यमले कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन, प्रसारण गर्दा घटनासँग असम्बन्धित नातेदार वा नजिकका व्यक्तिको नाम जोडी मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी कुनै पनि सामाग्री प्रस्तुत गर्नु हुँदैन् ।
- यौन अपराध, सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको सचेत स्वीकृति र प्रभावको मुल्यांकन विना नाम ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बीर र दृश्य उत्पादन वा प्रकाशन, प्रसारण गर्नु हुँदैन् ।

मधेश प्रदेश सरकार
आम सञ्चार प्राधिकरण
जनकपुरधाम


# सबै प्रदेशका गृहमन्त्री जनकपुरधाम आउँदै

जनकपुरधाम, २२ असार (रासस) ।
देशभरकै प्रदेशका आन्तरिक मामिला तथा गृहमन्त्री बुधबार मधेस प्रदेशको राजधानी जनकपुरधाम आउन लागेका छन् ।

मधेस प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालयको आमन्त्रणमा छवटै प्रदेशका आन्तरिक मामिला तथा गृहमन्त्री, सो मन्त्रालयका सचिव तथा मुख्यन्यायाधिवक्ताको टोली जनकपुरधाम आउन लागेको हो ।

गृह तथा सञ्चार मन्त्रालयद्वारा जनकपुरधामा आयोजना हुने शान्तिसुरक्षा तथा विपद् व्यवस्थापनसम्बन्धी अनुभव आदानप्रदान कार्यक्रमका लागि सबै प्रदेशका गृहमन्त्रीको नेतृत्वमा टोली आउन लागेको मधेस प्रदेशका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले जानकारी दिनुभयो ।

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको प्रमुख आतिथ्यमा बिहीबार जनकपुरधामस्थित सीताशरण होटलमा सो कार्यक्रम आयोजना हुने मन्त्री साहले बताउनुभयो । सो छलफलबाट आउने निष्कर्षका आधारमा जनकपुरधाम साझा प्रतिबद्धतापत्र जारी गर्ने कार्यक्रम तय भएको मन्त्री साहको भनाइ छ ।

बिहीबार बिहान जनकपुरधामस्थित जानकी मन्दिरमा दर्शन गर्ने गृहमन्त्रीहरूको टोलीले दिउँसो जयनगर-कुर्था रेलमा यात्रा गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ । बुधबार बेलुका ६ बजेसम्म जनकपुरधाम पुग्ने सबै प्रदेशका गृहमन्त्रीसहितको टोली बुधबार साँझ जनकपुरधामस्थित गङ्गासागर पोखरीमा नियमित हुँदै आएको महागङ्गा आरतीमा सहभागी हुने कार्यक्रम तय भएको छ ।

यस्तै टोलीले यही असार २४ गते बिहान धनुषाधामस्थित धार्मिकस्थलको भ्रमण गर्ने र उहाँहरूलाई मायाको चिनो प्रदान गरी बिदाइ गर्ने कार्यक्रम रहेको मन्त्रालयका सचिव रामकुमार महतोले जानकारी दिनुभयो ।

# असार २६ गते सार्वजनिक बिदा

काठमाडौं, २२ असार (रासस) ।
सरकारले यही असार २६ गते आइतबार इस्लाम धर्मावलम्बीहरूको पर्व बकर इद ( इद उल अजहा) का दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

उक्त पर्व यही असार २६ गते आइतबारका दिन पर्ने भनी मुस्लिम आयोगबाट अनुरोध भई आएकाले सो दिन मुलुकभर सार्वजनिक बिदा कायम गर्ने निर्णय गरिएको गृह मन्त्रालयले बुधबार एक सूचना जारी गरी जनाएको छ ।

विसं २०७८ फागुन २६ गते नेपाल राजपत्रमा प्रकाशित सूचनामा बकर इदका अवसरमा सार्वजनिक बिदा दिने उल्लेख थियो ।


जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं।
अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*